प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

कोशी प्रदेश
विराटनगर, नेपाल

ईमेल: province1.ptco@gmail.com
फोन नं.: ०२१-४२१०१८

प.सं. २०७९/८०
च.नं 608

मिति:२०८०।०३।११

**विषय:- आर्थिक वर्ष २०७९/८० को कारोबार बन्द तथा सालतमाम गर्ने सम्बन्धमा ।**

श्री सबै प्रदेश मन्त्रालय, सचिवालय, आयोग तथा कार्यालयहरु
कोशी प्रदेश, मोरङ्ग ।

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको च.नं. ३२३ मिति २०८०।०३।१० को संलग्न पत्रानुसार आवश्यक काम कारवाही गर्नु गराउनु हुन अनुरोध छ।

२०८०।०३।११

दामोदर
प्रदेश लेखा नियन्त्रक

बोधार्थ तथा कार्यार्थ:
श्री प्रदेश लेखा इकाई कार्यालय सबै, कोशी प्रदेश – जिल्लामा रहेका प्रदेशका कार्यालयहरुलाई सोही व्यहोरा अवगत गराई कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा

पत्र संख्याः २०७९/८०/४.१

मितिः २०८०।०३।१०

चलानी नं.: ३२३

विषयः आ व २०७९/८० मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने र सालतमाम सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै ।

चालु आ.व २०७९/८० मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने तथा सालतमाम सम्बन्धमा देहाय बमोजिम गर्नुहुन यस कार्यालयको मिति २०८०।०३।१० गतेको निर्णयानुसार अनुरोध छ ।

देहायः

१. संघ प्रदेश र स्थानीय तहहरुको आर्थिक बर्ष समाप्त हुनुभन्दा सात दिन अगावै साविकमा जस्तै निकासा भुक्तानी र प्रणाली समेत बन्द हुने हुँदा संघीय कार्यालयहरुको हकमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३० को उपनियम (१) र (२) बमोजिम र प्रदेश तथा स्थानीय तहले सोही नियमको उपनियम (७) र (८) बमोजिम गर्नु गराउनुहुन ।
२. प्रदेश र स्थानीय तहमा निकासा भई खर्च नभई बाँकी रहेको सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान चालु आ.व. मा नै फिर्ता गर्न आवश्यक समन्वय गर्न र सोही अनुसार निकासा/खर्च कायम गर्नुहुन।
३. खासगरी असार २० गते पश्चात लेखांकन र भुक्तानीसंग सम्बन्धित विद्युतिय प्रणालीमा अत्याधिक चाप पर्न जाने र विद्युतीय प्रणालीमा निश्चित स्तर भन्दा बढी भार पर्न गएको अवस्थामा प्रणालीले अपेक्षाकृत रुपमा कार्यसम्पादन गर्न नसक्ने हुँदा, नियमानुसार भुक्तानी योग्य भुक्तानीहरु सम्भव भएसम्म समयमा नै भुक्तानी दिने व्यवस्था मिलाउनहुन।
४. राजश्व, धरौटी र कार्यसञ्चालनकोष तर्फ आर्थिक वर्षको अन्तमा कुनै पनि नगद मौज्दात नराख्न र जिल्ला स्थित कुनै पनि कार्यालयमा नगद मौज्दात नराख्न कार्यालयहरुलाई स्पष्ट निर्देशन दिन र सोको प्रभावकारी अनुगमन गर्न र नगदमा संकलन भएको रकम बैंकमा दाखिलाको लागि स्थानीय आवश्यकता अनुसार आर्थिक वर्षको अन्तिम दिन सरकारी कारोबार गर्ने बैंक बेलुका अबेरसम्म संचालन गर्नको लागि आवश्यक समन्वय गर्ने,
५. एकल खाता कोषबाट जारी भएका राजश्वका चेकहरु आर्थिक वर्षको अन्तःसम्म सटही हुने व्यवस्था मिलाउनुहुन।

२०८०।०३।१०
(विष्णु प्रसाद बल्यासे)
लेखा अधिकृत